फोन नं. : ०७६-५६०२०१

# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तौलिहवा, कपिलवस्तु
### ५ नं. प्रदेश

प्रमुख प्रशासकिय अधिकृत

## आ.व. २०७५/०७६ को सम्पति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५० को उपदफा (१),अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१क को उपदफा (१) र निजामती सेवा ऐन,२०४९ को दफा ५४ एवं निजामती सेवा नियमावली,२०५० को नियम ११८ को उपनियम(१) बमोजिम निजामती कर्मचारी,अन्य कर्मचारी, शिक्षक, जनप्रतिनिधि तथा सरकारी तलब भत्ता लिने सम्पुर्णले आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पति विवरण बुझाउनु पर्ने कानुनी व्यवस्था भएको हुँदा आ.व. २०७५/०७६ को सम्पति विवरण निर्धारित ढाँचाको फाराममा भरी प्रत्येकले अलग अलग खामबन्दि गरी देहाय बमोजिमको विवरणहरु खाम बाहिर उल्लेख गरी यस कार्यालय मार्फत पेश गर्नेको हकमा मिति २०७६/०५/१० गते दिउसो १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने र सिधै पठाउनेको हकमा मिति २०७६/०५/२८ गते भित्र सम्बन्धित निकायमा दर्ता गराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

१. कर्मचारीको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरण

| आ.व. २०७५/०७६ को सम्पति विवरण | |
|---|---|
| कर्मचारीको संकेत(सिटरोल) नम्वरः | श्रेणी/तहः |
| नाम थरः | कार्यरत कार्यालयः |
| पद/दर्जाः | मोवाईल नम्वरः |
| सेवा/समुहः | ईमेल ठेगानाः |

२. जनप्रतिनिधीको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरण

| आ.व. २०७५/०७६ को सम्पति विवरण | |
|---|---|
| नाम थरः | मोवाईल नम्वरः |
| पदः | ईमेल ठेगानाः |
| निकायः | |
| ठेगानाः | |

३.विदा,काज,तालीम, निलम्बनमा रहेका तथा आ.व.२०७५/०७६मा सेवा निवृत कर्मचारीले समेत अनिवार्य रुपमा सम्पति विवरण बुझाउनु पर्नेछ ।

४.सार्वजनिक विदाका दिन बाहेक अन्य दिन विहान १०:०० बजेदेखी वेलुका ५:०० बजेसम्म र शुक्रबारका दिन विहान १०:०० बजेदेखी वेलुका ३:०० बजेसम्म सम्पति विवरण बुझाउन सकिनेछ ।

५. यस कार्यालय मार्फत सम्पती विवरण पेश गर्नेको हकमा आफै वा अन्य ब्यक्ती मार्फत मिति २०७६/०५/१० गते दिउसो १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने र सिधै पठाउनेको हकमा हुलाक/कुरियर मार्फत मिति २०७६/०५/२८ गते वेलुका ५:०० बजे भित्र सम्बन्धित निकायमा दर्ता गराउनु पर्नेछ । म्याद नाघेपछी प्राप्त भएको सम्पती विवरणलाई प्राप्त नभए सरह मानिनेछ ।

६.सम्पति विवरण फाराम यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिन्छ वा www.pis.gov.np बाट डाउनलोड गरी हेर्न वा प्रिन्ट गर्न सकिनेछ। अन्य जानकारीका लागि यस कार्यालयको फोन नं. ०७६-५६००१८ र ईमेल **info@kapilvastumun.gov.np** मार्फत सम्पर्क गर्न सकिनेछ ।

**द्रष्टब्यः**

सम्पती विवरण पेश वा दर्ता गराउने दायित्व सम्बन्धित ब्यक्तीको भएकोले खाम वाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुज्रेको कारण सम्पति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा स्वयं आफु नै जिम्मेवार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत